

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ मंसिर ३ गते बिहीबार ❑ 19 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

पोखरामा 'आरयू फेस्ट-२०२६' को शुभारम्भ

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर



पुरानो र खेर फालिएका कपडाबाट बनेका पहिरनमा सजिएर जब युवायुवती बिरालो चाल 'क्याटवाक'को शैलीमा मञ्चमा प्रस्तुत हुन्थे तब दर्शकदीर्घाबाट परर ताली बज्थ्यो ।

सङ्गीत, मञ्च र बत्तीको संयोजनले उक्त दृश्यलाई झनै आकर्षक तुल्याएको थियो । पोखरामा बुधबारदेखि सुरु भएको 'आरयू फेस्ट-२०२६'को शुभारम्भ सत्रमा देखाइएको 'अपसाइकल फेसन शो'ले धेरैको ध्यान खिच्यो । विद्यार्थीदिखि मुख्यमन्त्रीसम्मले रुचीपूर्वक उक्त फेसन शोलाई अवलोकन गरे । प्रयोग भइसकेका कपडा र अन्य सामग्रीको पुनःप्रयोग गरि तयार पारिएका पोसाक, झोलालगायत सामग्रीप्रदर्शनका लागि अपसाइकल फेसन शो आयोजना गरिएको हो । पोखरा महानगरपालिकामा सञ्चालित 'रिसाइकिलिङ र अपसाइकिलिङमार्फत हरित रोजगारी सिर्जना परियोजना'अन्तर्गत सुरु भएको 'आरयू फेस्ट-२०२६' बिहीबारसम्म चल्नेछ । 'फोहरलाई नयाँ दृष्टिकोणबाट हेरौं, यसको मूल्य पहिचान गरौं र पोखराको भविष्यलाई चक्रीय बनाऔं' भन्ने सन्देशका साथ आयोजना गरिएको उक्त मेलामा फेसन शो, नाटक मञ्चन, 'आरयू' उद्यमका उत्पादनको प्रर्दशनी तथा बिक्री, 'आरयू खजना' दौड, अन्तरक्रियात्मक खेल, कला प्रस्तुति, प्रयोगात्मक कार्यशालालगायत सिर्जनात्मक गतिविधि सञ्चालन भइरहेको छ । मेलाको उद्घाटनपछि गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले फोहरलाई केबल बिर्सजन गर्नुपर्ने वस्तुका रुपमा हेर्ने परम्परागत सोच 'आरयू फेस्ट'ले परिवर्तन गरेको बताउनुभयो । "फोहरलाई समस्याका रुपमा नहेरी त्यसमा रहेका आर्थिक, सामाजिक र वातावरणीय सम्भावनाहरूको पहिचान गर्दै पुनःप्रयोग र पुनःप्रशोधनमार्फत नयाँ उत्पादन, रोजगारी सिर्जना र चक्रीय अर्थतन्त्र निर्माणको उद्देश्य लिइएको छ", महानगर प्रमुख आचार्यले भन्नुभयो ।

कोरिया अन्तरराष्ट्रिय सहयोग नियोगका कन्ट्री डाइरेक्टर मूहेओन कोडले फोहरको दिगो व्यवस्थापनसँगै जिविकोपार्जनमा सुधार, स्थानीय उद्यमशीलता प्रवर्द्धन, रोजगारी सिर्जना र वातावरणीय संरक्षणका लागि परियोजना फलदायी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले परियोजनमार्फत विद्यार्थी र युवा पुस्तालाई नवप्रवर्तन र प्रविधिसँग जोड्ने प्रयास गरिएको बताउनुभयो । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका आवसीय क्योको योको सुकाले हरित तथा नवीन अभ्यासको प्रदर्शनी, दिगो फोहोर व्यवस्थापनका उपाय, चक्रीय अर्थतन्त्र र प्लास्टिक प्रदूषण न्यूनीकरणका विषयमा जनचेतना अभिवृद्धिका कार्यक्रमसमेत भइरहेको उहाँले बताउनुभयो । मेलामा विद्यार्थीलाई सिकाइ तथा अनुभव आदानप्रदानको अवसरसमेत प्रदान गरिएको उहाँको भनाइ छ ।

मेलाको पहिलो दिन पोखरा थिएटरको प्रस्तुतिमा 'आर यू' नाटक मञ्चन र बालबालिकामा फोहर व्यवस्थापन, पुनःप्रयोग र वातावरण संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार पारिएको कथापुस्तक पनि विचोचन गरिएको थियो । पोखरामा ग्रीन भेन्चर जोन (जीभीजेड)को अवधारणालाई प्रवर्द्धन गर्दै 'आरयू' उद्यमी तथा नवप्रवर्तक विद्यार्थीलाई लगानी र व्यवसाय विस्तारका अवसरसँग जोड्ने योजना रहेको महानगरले जनाएको छ । कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोगको आर्थिक तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा पोखरा महानगरपालिकाले 'रिसाइकिलिङ र अपसाइकिलिङमार्फत हरित रोजगारी सिर्जना परियोजना' सञ्चालन गरिरहेको छ । परियोजनमार्फत प्रयोग गर्ने र फाल्ने अभ्यासको सट्टा चक्रीय अर्थतन्त्र प्रणालीमा आधारित रिसाइकिलिङ तथा अपसाइकिलिङ उद्यम स्थापनामा जोड दिइएको छ।

पुनर्निर्माणमा तीनै तहका सरकारबीच सहकार्य र समन्वय आवश्यक

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले यस वर्ष देशका विभिन्न ठाउँमा निम्तिएको प्राकृतिक विपद्पछिको पुनःनिर्माण तथा पुनःस्थापनामा तीनै तहका सरकारबीच सहकार्य र समन्वय हुनुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय सभाअन्तर्गतको भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिसँग बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको छलफल तथा अन्तरक्रियामा उहाँले विपद्का बेला सङ्घ, प्रदेश सरकार र स्थानीय तहबीच प्रभावकारी समन्वय नहुँदा राहत तथा उद्धार कार्यमा असहजता सिर्जना हुने गरेको बताउनुभयो । मुख्यमन्त्री पाण्डेले भोटेकोशी, कालीगण्डकी र बुढीगण्डकी नदीमा यस वर्ष आएको बाढीले गण्डकी प्रदेशमा पुऱ्याएको क्षतिको पुनःनिर्माणमा प्रदेश सरकार एक्लैले मात्र केही गर्न नसक्ने भन्दै उहाँले सङ्घ सरकारले तीनवटै विपद्ग्रस्त क्षेत्रमा एउटै प्याकेजमा पुनःनिर्माण थाल्नुपर्ने बताउनुभयो । "प्रधानमन्त्री र गृहमन्त्रीसँगको भेटमा पनि प्रदेश सरकारले गर्नसक्ने पुनःनिर्माणका कामबारे जानकारी गराएका छौं, यी यी काम सङ्घ सरकारले नै गर्नुपर्छ पनि भनेका छौं", उहाँले भन्नुभयो ।

प्रदेशको कार्यक्षेत्रभित्र पर्ने भौतिक संरचनाको पुनःनिर्माणका लागि पनि सङ्घ सरकारको सहयोग चाहिने मुख्यमन्त्री पाण्डेको भनाइ छ । कालीगण्डकी र बुढीगण्डकीमा आएको बाढीले प्रभावित नागरिकको उद्धार तथा राहतमा कुनै कमी हुन नदिन प्रदेश सरकार लागिपरेको उहाँले बताउनुभयो । हरेक जिल्लामा १० लाख रूपैयाँभन्दा नघट्ने गरी र प्रदेशस्तरमा दस करोड रूपैयाँमा नघट्ने गरी राहत तथा उद्धार कोष स्थापना गरिएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । सोही कोषबाट बाढीपहिरो प्रभावितको राहत तथा उद्धारमा यस वर्ष झण्डै रु तीन करोड खर्च भएको उहाँले बताउनुभयो । कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव तीर्थराज चिलुवालले प्रदेशमा यस वर्ष भएको विपद्का घटना, क्षतिको विवरण तथा सङ्घ सरकारसँगका अपेक्षाका विषयमा प्रस्तुतिकरण राख्नुभएको थियो । उहाँका अनुसार यस वर्ष बाढीपहिरो, डुबान आदि विपद् जन्य घटनाबाट प्रदेशका सात जिल्लाका २० वटा स्थानीय तह प्रभावित भएको जानकारी दिनुभयो । विपद्का कारण ३६ जनाको मृत्यु, तीन जना बेपत्ता हुनुका साथै ७३६ निजी घरमा क्षति पुगेको उहाँले बताउनुभयो ।

यस्तै सडक, पुल, भवनलगायत गरी अर्बौंको सार्वजनिक संरचनामा क्षति पुगेको प्रदेश सचिव चिलुवालले उल्लेख गर्नुभयो । बाढीपहिराका कारण सयौं घरपरिवार विस्थापित भएको उहाँको भनाइ छ । विपद्पछिको उद्धार कार्यमा प्रदेश सरकारलाई सुरक्षा संयन्त्र परिचालन गर्ने कानुनी व्यवस्था नहुँदा र राहत वितरणमा प्रदेशको छुट्टै संरचना नहुँदा समस्या भइरहेको उहाँले बताउनुभयो । भोटेकोशी बाढी सरह कालीगण्डकी र बुढीगण्डकी बाढीमा पनि राहत तथा पुनःनिर्माण प्याकेज ल्याउन प्रदेश सरकारले माग गरेको उहाँको भनाइ छ । राष्ट्रिय सभाअन्तर्गतको भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सभापति कृष्णप्रसाद पौडेलले गण्डकी प्रदेशका विपद्ग्रस्त क्षेत्रको स्थलगत अध्ययन तथा अनुगमन गरी सरकारलाई प्रतिवेदन बुझाइने बताउनुभयो ।

चितवन राइनोज एनपिएलको क्वालिफायरमा, काठमाण्डु गोर्खाज बाहिरियो

रासस
काठमाडौं, २ मंसिर

चितवन राइनोजले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको क्वालिफायर-२ मा स्थान बनाएको छ । बुधबार भएको भएको 'एलिमिनेटर' खेलमा काठमाण्डु गोर्खाजलाई ६१ रनले हराउँदै चितवनले क्वालिफायर-२ मा स्थान बनाएको हो ।

चितवनले अब फाइनल प्रवेशका लागि बिहीबार सुदूरपश्चिम रोयल्ससँग प्रतिस्पर्धा गर्नेछ । आजको हारपछि काठमाण्डु भने उपाधि दौडबाट बाहिरिएको छ । 'एलिमिनेटर' खेलमा

बाँकी अन्तिम पृष्ठमा ▶▶


सन् २०२७ देखि पर्वतीय जलवायु कार्यक्रम सञ्चालन गर्न नेपालको प्रस्ताव

रासस
काठमाडौं, २ मंसिर

नेपालले पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्यक्रम सन् २०२७ देखि सञ्चालन गर्न तथा त्यसको कार्यक्षेत्र र कार्यान्वयन विधि स्पष्ट पार्न कोप-३१ को निर्णय मस्यौदामा तीनबुँदे प्रस्ताव पेस गर्ने भएको छ ।

जलवायु परिवर्तनका कारण पर्वतीय क्षेत्र र हिमनदीमा निर्भर समुदायले भोगिरहेका जोखिम सम्बोधन गर्ने उद्देश्यले कोप-३१ को अध्यक्षताको परामर्शमा तयार गरिएको निर्णय मस्यौदामा छुट्टै पर्वतीय जलवायु कार्यक्रम स्थापना गर्ने प्रस्ताव समेटिएको छ । नेपालले उक्त प्रस्तावको स्वागत गरे पनि कार्यक्रम कार्यान्वयनका महत्वपूर्ण पक्ष स्पष्ट नभएको भन्दै थप व्यवस्था गर्नुपर्ने धारणा राखेको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव एवं जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालका अनुसार नेपालले कार्यक्रम सन् २०२७ देखि सुरु गर्ने समयसीमा, कार्यक्षेत्र तथा कार्यान्वयन विधि र जलवायु वित्त तथा अनुकूलनका पर्वतविशेष सूचक स्पष्ट गर्न प्रस्ताव गर्नेछ ।

कोप-३१ को अध्यक्षतामा पक्ष राष्ट्रहरूसँगको परामर्शपछि तयार गरिएको मस्यौदाको बुँदा ३१ मा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्यकार्यक्रम स्थापना गर्ने प्रस्ताव छ । कार्यक्रमले वैज्ञानिक बुझाइ अभिवृद्धि, अनुकूलनका कार्य, उत्थानशीलता निर्माण तथा पर्वतीय र हिमनदीमा निर्भर समुदायलाई सहयोग गर्ने लक्ष्य राखेको छ । मस्यौदामा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विषयलाई पक्ष राष्ट्रहरूको सम्मेलन (कोप) को स्थायी कार्यसूचीमा समावेश गर्ने तथा कोप-३२ मा उच्चस्तरीय संवाद आयोजना गर्ने प्रस्ताव पनि छ । बुँदा ३२ मा सहायक निकायका ६६औं र ६८औं अधिवेशनमा यस विषयमा संवाद आयोजना गर्ने र त्यसलाई निरन्तरता दिने उल्लेख छ । साथै, पर्वतीय देश, आदिवासी तथा स्थानीय समुदायका प्राथमिकतालाई जलवायु कार्यमा समेटन नियमित उच्चस्तरीय संवाद सञ्चालन गर्न प्रोत्साहित गरिएको छ । मस्यौदामा समेटिएका यी प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घीय जलवायु वार्तामा पर्वतीय मुद्दालाई संस्थागत रूपमा स्थापित गर्ने नेपालको प्रयासमा भएको प्रगतिका रूपमा हेरिएको छ । यद्यपि, नेपाल र भूटानले गत अक्टोबर २९ मा संयुक्त रूपमा अघि सारेका विषय मस्यौदामा पूर्ण रूपमा समेटिएका छैनन् । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीका सल्लाहकार अभिषेक श्रेष्ठले मस्यौदाको स्वागत गर्दै नेपालले प्रस्ताव गरेका सबै विषय समेट्न थप प्रयास जारी राखिने बताउनुभयो । उहाँले यसका लागि सम्बन्धित राष्ट्र र समूहसँग वार्ता भइरहेको र प्रस्तावका विषय समेटिने अपेक्षा गरिएको जानकारी दिनुभयो । हिमाली क्षेत्रमा तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसको सीमाभित्र राख्ने विषयलाई कोप-३१ को छुट्टै एजेन्डामा समावेश गर्न नेपाल र भूटानले गत अक्टोबर २९ मा संयुक्त प्रस्ताव अघि सारेका थिए । दुवै देशले हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण उत्पन्न जोखिमलाई अन्तरराष्ट्रिय जलवायु वार्ताको प्रमुख विषय बनाउन उक्त प्रस्ताव गरेका थिए । मन्त्री चौधरीले नेपाल र भूटानका तर्फबाट सम्मेलनको मस्यौदा कार्यविधिको नियम १२ अन्तर्गत प्रस्ताव पेस गर्नुभएको थियो ।



कास्कीले जित्यो गण्डकी 'पीएम कप महिला' क्रिकेटको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

पोखरामा सञ्चालन भएको गण्डकी प्रदेशस्तरीय 'पीएम कप' महिला टी-२० छनोट क्रिकेट प्रतियोगिताको उपाधि घरेलु टोली कास्कीले जितेको छ । पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा आज सम्पन्न अन्तिम खेलमा स्याङ्जा माथि पाँच विकेटले जित निकाल्दै कास्की च्याम्पियन बन्न सफल भएको हो ।

गण्डकी प्रदेश क्रिकेट सङ्घको आयोजनामा भएको प्रतियोगितामा कास्कीले चारवटै खेल जित्दै सर्वाधिक आठ अङ्क जोडेर उपाधि चुमेको हो । खेलमा स्याङ्जाले दिएको ८८ रनको लक्ष्य कास्कीले १९ ओभरको दोस्रो बलमा पाँच विकेट गुमाएर पूरा गरेको थियो ।

टस जितेर पहिले ब्याटिङ गरेको स्याङ्जाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ८७ रन बनाएको थियो । सीमाना केसीले सर्वाधिक १६, अरमिना



अधिकारीले १४, श्रेया शाहले ११ र सेरिना थापाले नौ रन बनाए । कास्कीकी सीमाना रेग्मी र रिया तामाङले समान दुई/दुई विकेट लिए । जितका लागि ८८ रनको लक्ष्य पछ्याएको कास्कीका लागि रेखा तामाङले अविजित २५ रन बनाउँदै जितको आधार तयार गरिन् । ३२ बलको सामना गरेकी उनले दुई चौका प्रहार गरिन् । चन्द्रमाया बरालले २३, बिनिता सिग्देलले १० र सृजना पौडेलले सात रन जोडिन् । स्याङ्जाका भावना भट्टराई, अपेक्षा बुढाथोकी, सलिना सेन र रञ्जना साउदले समान एक विकेट लिए । ब्याटिङ र बलिङ दुवैतर्फ योगदान पुऱ्याएकी कास्कीकी रेखा तामाङ खेलको 'प्लेयर अफ द म्याच' घोषित भइन् । प्रतियोगितामा व्यक्तिगत विधातर्फ स्याङ्जाकी सीमाना केसी 'प्लेयर अफ द सिरिज' घोषित भइन् । कास्कीकी चन्द्रमाया बरालले उत्कृष्ट 'ब्याटर' र स्याङ्जाकी अपेक्षा बुढाथोकीले उत्कृष्ट 'बलर'को उपाधि प्राप्त गरिन् । प्रतियोगितामा गण्डकीका पाँच जिल्लाको सहभागिता रहेको थियो । कास्कीले चार खेलबाट आठ अङ्क जोड्दा स्याङ्जा तीन जित र एक हारसहित छ अङ्कसहित उपविजेता बन्यो । नवलपुरले दुई तथा पर्वतले एक खेलमा जित निकाले । बागलुङ भने प्रतियोगिताका सबै खेलमा पराजित भयो । प्रतियोगिताका विजेता खेलाडीलाई प्रदेश खेलकुद परिषद्का सदस्यसचिव श्रीधर शर्माले ट्रफी, पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो । गण्डकी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले प्रतियोगिताबाट आगामी १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनोट गरिने बताउनुभयो । त्यसैगरी मङ्सिर तेस्रो सातादेखि पोखरामा आयोजना हुने 'पीएम कप' महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि पनि यसै छनोट प्रतियोगिताको प्रदर्शनका आधारमा प्रदेश टोली निर्माण गरिनेछ ।

विदेशको रोजगारी छाडेर गाउँमै भैँसीपालन, घ्यू बेचेर वार्षिक तीन लाख बचत

रासस
कास्की, २ मंसिर

कतार र कुवेतमा १८ वर्ष बिताउनुभएका कास्कीको माछापुच्छ्रे गाउँपालिका-९ सिदिङका मीनबहादुर क्षेत्री अहिले आफ्नै गाउँमा भैँसीपालन गरेर जीविकोपार्जन गरिरहनुभएको छ । विदेशको रोजगारी छाडेर गाउँ फर्किनुभएका उहाँले आठ वर्षदेखि भैँसीपालनलाई आम्दानीको माध्यम बनाउनुभएको हो ।

विदेशमा लामो समय काम गर्दा परिवारबाट टाढा बस्नुपरेको अनुभवले उहाँलाई स्वदेशमै केही गर्ने प्रेरणा मिल्यो । अहिले परिवारसँगै बसेर आफ्नै पेसा गर्न पाउँदा उहाँ सन्तुष्ट हुनुहुन्छ । उहाँको गोठमा अहिले १६ वटा भैँसी छन् । तीमध्ये पाँचवटा दुहुना छन् । क्षेत्रीले दूध बिक्री गर्नुको सट्टा दही जमाएर मोही पार्ने र घ्यू उत्पादन गरी बिक्री गर्दै आउनुभएको छ । पाँच दिनको दूधबाट चार लिटर घ्यू उत्पादन हुने उहाँले बताउनुभयो ।

उत्पादित घ्यू प्रतिलिटर रु एक हजार ५०० मा बिक्री हुन्छ । उहाँले उत्पादन गरेको घ्यू सिदिङमा मात्र नभई मर्दी हिमाल पदयात्रा मार्गका लो क्याम्प र फरेष्ट क्याम्पसम्म पुऱ्याएर पर्यटकलाई पनि बिक्री गर्नुहुन्छ । पदयात्रामा आउने



पर्यटकसम्म स्थानीय उत्पादन पुऱ्याउन सकेपछि बजारको समस्या नरहेको उहाँको अनुभव छ । भैँसीपालनका लागि उहाँले स्थानीय चरन क्षेत्रको उपयोग गर्दै आउनुभएको छ । दूध दिने भैँसीलाई गोठमा बाँधेर राख्ने र दूध दिन छाडेका भैँसीलाई लेकतिर चराउन लैजाने गर्नुभएको छ ।

सिदिङदेखि कालीमाटीमाथिको लेकसम्म भैँसी चराउन लैजाँदा घाँस, दाना र परालको खर्च कम हुने उहाँ बताउनुहुन्छ । "दूध दिने भैँसीलाई गोठमै बाँध्ने हो, दूध दिन छाडेकालाई लेकतिर चराउन लैजाने हो । यसबाट घाँस, दाना र परालको खर्च कम हुन्छ," उहाँले भन्नुभयो । घ्यू उत्पादनसँगै क्षेत्रीले राँगा तथा भैँसीको खरिदबिक्री पनि गर्दै आउनुभएको छ । राम्रो दूध दिने भैँसीको मूल्य रु एक लाखसम्म पर्ने उहाँले बताउनुभयो । घ्यू र भैँसीको बिक्रीबाट घरखर्च कटाएर वार्षिक करिब रु तीन लाख बचत हुने गरेको उहाँको भनाइ छ । भैँसीपालनमा परिवारको साथ र सहयोगले व्यवसायलाई निरन्तरता दिन सहज भएको उहाँ बताउनुहुन्छ । उहाँले छोरीलाई स्नातक तहसम्म अध्ययन गराउनुभएको छ । छोरी अहिले जापानमा हुनुहुन्छ भने दुई छोरा कक्षा ९ मा अध्ययनरत छन् । विदेशमा आर्जन गरेको अनुभव र मेहनत आफ्नै गाउँमा उपयोग गर्न सके आम्दानीका लागि विदेश नै जानुपर्ने बाध्यता नहुने उहाँको अनुभव छ । गाउँको लेकाली वातावरणमा पशुपालन गर्दै परिवारसँगै बस्न पाउँदा आफू सन्तुष्ट रहेको उहाँ बताउनुहुन्छ ।

राष्ट्रिय स्वास्थ्य पुरस्कारका लागि प्रतिभा छनोट समिति

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

युआरएल फाउन्डेसनले स्थापना र सञ्चालन गर्दै आएको राष्ट्रिय स्वास्थ्य पत्रकारिता पुरस्कार प्रदान गर्न प्रतिभा छनोट समिति गठन भएको छ ।

अग्रज पत्रकार केशवशरण लामिछानेको संयोजकत्वमा रहेको समितिमा पत्रकारद्वय फडिन्द्र अकिञ्चन र ऋषि खतिवडा, युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्त र प्रबन्ध निर्देशक गणेशप्रसाद कोइराला सदस्य छन् । स्वास्थ्य क्षेत्रलाई पत्रकारितामा समेट्ने एक जनालाई बर्सेनि प्रदान गरिने यो पुरस्कारको राशि नगद ३३ हजार ३ सय ३३ रुपैयाँ र ताम्रपत्र छ । यो फाउन्डेसनलाई गण्डकी प्रदेशकै पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी (युआरएल)ले प्रवर्धन गर्दै आएको छ ।

१३ वर्षअघि स्थापना भएको युआरएलले गण्डकी प्रदेशका विभिन्न जिल्लामा २४ स्थानबाट सेवा प्रवाह गरिरहेको छ ।

'किङ्ज कप' राष्ट्रिय प्रतियोगिताको तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

आगामी बुधबारदेखि पोखरामा आयोजना हुने 'प्रथम किङ्ज कप आमन्त्रित राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता' तयारी प्रायः पूरा भएको छ । युनाइटेड किङ्स क्लब पोखराको आयोजनामा पोखरा रङ्गशालामा हुने प्रतियोगितामा छ टोलीले प्रतिस्पर्धा गर्ने प्रतियोगिता संयोजक थमन गुरुङले राससलाई जानकारी दिनुभयो ।

प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बल (एपीएफ), नेपाल प्रहरी क्लब, गण्डकी प्रदेश, कोशी प्रदेश र रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रले प्रतिस्पर्धा गर्ने जानकारी दिँदै उहाँले विजयी टोलीले रु चार लाख नगद पुरस्कार पाउने बताउनुभयो ।

त्यसैगरी, उपविजेतालाई रु दुई लाख ५० हजार, तेस्रो हुनेलाई रु एक लाख र सान्त्वना पुरस्कार रु ५० हजार प्रदान गरिने छ । प्रतियोगिता मा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई रु २० हजार तथा उत्कृष्ट स्पाइकर, ब्लकर, सेटर, डिफेन्डर, सर्भर र प्रशिक्षकलाई पनि जनही रु १० हजार प्रदान गरिने छ ।

चितवन ...

चितवनले दिएको २०५ रनको लक्ष्य पछ्याएको काठमाण्डुले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १४३ रन मात्र बनाउन सक्यो । उसका लागि विलियम बोसिस्टोले ३७, भीम सार्कीले अविजित ३०, सहान अराच्चिगेले २४, रशिद खानले १२ र सन्तोष यादवले १० रन जोडे ।

बाँकी ब्याटरले भने दोहोरो अङ्कमा समेत रन बनाउन सकेनन् । चितवनका लागि बलिङतर्फ रिजन ढकालले चार, उसामा मिरले तीन तथा कुशल मल्ल र सलाहुद्दीन खानले एक-एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको चितवनले निर्धारित २० ओभरमा चार विकेट गुमाएर २०४ रन बनायो । उसका लागि ओपनिङ ब्याटर कामिल मिशाराले शतकीय पारी खेले । उनले ५९ बलमा १० छक्का र पाँच चौकासहित अविजित १२० रनको पारी खेलेका हुन् । योसँगै मिशारा जारी एनपिएलमा शतकीय पारी खेल्ने दोस्रो ब्याटर बनेका छन् । यस्तै, आज कप्तान रवि बोपाराले अर्धशतकीय पारी खेले ।उनले ४२ बलमा तीन चौका र दुई छक्काको मद्दतमा ५३ रनको पारी खेलेका हुन् । देव खनालले १५ बलमा दुई चौका र एक छक्कासहित १७ रन जोडे । काठमाण्डुका लागि बलिडतर्फ कप्तान करण केसी र रशिद खानले समान २/२ विकेट लिए ।

पोउवा संघको कार्यसमितिमा नन्दकुमारीको मनोनयन

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

पोखरा उद्योग वाणिज्य संघको कार्यसमितिमा थप एकजना सदस्य मनोनित भएकी छन् ।

मनोनित हुनेमा गुडमर्निङ ट्रेड सेण्टरकी प्रोपाइटर नन्दकुमारी सुवेदी ढुंगाना रहेकी छन् । संघकी अध्यक्ष शोभा गौतमले संघको विधान २०६५ (पहिलो संशोधन) २०७२ को परिच्छेद ६.१.१(ङ) ले दिएको अधिकार प्रयोग गर्दै उनलाई कार्यसमितिमा मनोनित गरेकी



हुन् । सो धाराले अध्यक्षलाई कार्यसमितिको सहमतिमा ४ जना सदस्य मनोनित गर्ने अधिकार दिएको छ । मनोनित सदस्य नन्दकुमारीले बुधबार नै पद तथा गोपनीयताको सपथ लिएका छन् । अध्यक्ष सुवेदीले गएको असोज २८ गते साजन गिफ्ट एण्ड किचन कर्नरका प्रोपाइटर डिल्लीराज सुवेदी तथा थापा सप्लायर्सका प्रोप्राइटर तुलबहादुर थापालाई सदस्यमा मनोनित गरेकी थिइन् ।

कर्मचारी आवश्यकता

कास्की जिल्लाको एक प्रतिष्ठित तथा समुदायमा आधारित सहकारीको लागि तपसिल बमोजिमको कर्मचारी आवश्यक भएकोले ७ दिन भित्रमा हस्त लिखित निवेदन सहित दरखास्त दिनको लागि सूचना प्रकाशित गरिन्छ ।

पद : अधिकृत
सख्या : १
न्यूनतम शैक्षिक योग्यता : ब्यवस्थापन विषयमा लेखा वा वित्त शास्त्र लिई कम्तीमा स्नातक तह उत्तीर्ण वा सो सरह ।
उमेर : २५ वर्ष पुरा भई ४० वर्ष ननाघेको
अनुभव : कुनै पनि सहकारी संस्था वा बैक, वित्तिय क्षेत्रमा अनुभव प्राप्त भएको हुनु पर्ने
दरखास्त दिने अन्तिम मिति :
२०८३/०८/१० गते दिनको ४ बजे भित्र
सेवा सुविधा : आपसी समझदारीमा
नोट: छनोट सूचिमा परेका उम्मेदवारलाई मात्र अन्तवर्तामा समावेश गराईने छ । स्थानिय ब्यक्तिलाई प्राथमिकता दिइने छ ।

कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा -१३, बाँझापाटन
सम्पर्क : ०६१-५८३८११, ५९०६७३, ९८५६०६६८११
Email: kamalpokharisaving@gmail.com

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:
- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रकृयामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

सम्पादकीय

मासु जाँच ऐन कार्यान्वयनका लागि सचेतना अभियान चलाऔं

उपभोक्तालाई स्वच्छ मासु पाउने अधिकार सुनिश्चित गर्न पशु वधशाला तथा मासु जाँच ऐन कार्यान्वयनमा आएको छ । पहिलो चरणमा काठमाडौं, भक्तपुर र ललितपुरका २१ स्थानीय तहमा यो ऐन कार्यान्वयनमा आएको छ। ऐन कार्यान्वयनमा आएसँगै अव्यवस्थित ठाउँमा पशु वध गर्न पाइँदैन । ऐन अनुसार दुई चरणको स्वास्थ्य परीक्षणपछि मासु बजारमा पुग्ने छ। कुनै पनि पशुपन्छी वध गर्नुअघि पशु चिकित्सक वा मासु निरीक्षकले ती पशुको जीवित अवस्थामै स्वास्थ्य परीक्षण गर्नु पर्छ । अव्यवस्थित र खुला ठाउँमा झिङ्गा भन्किने गरि मासु बेच्ने काम रोक्न सजिलो छैन ।त्यो काम नगरि पनि हुँदैन । स्थानीय तहले समुदायमा सचेतना कार्यक्रम कति गर्छन कार्यान्वयन त्यसैमा निर्भर हुनेछ ।

भदौ १ गते राजपत्रमा सूचना प्रकाशित गरी देशभर तीन चरणमा ऐन लागु गर्ने कार्यतालिका सार्वजनिक भएको थियो । कार्यतालिका अनुसार मङ्सिर १ देखि पहिलो चरणमा उपत्यकाका तिनै जिल्लाका २१ स्थानीय तहमा ऐन लागु हुने छ । त्यसै गरी माघ १ देखि देशका अन्य नगरपालिकामा कार्यान्वयनमा आउने छ । कार्यान्वयनमा लागेका स्थानीय तहले उपभोक्ता अधिकारकर्मी, पशु चिकित्सक र सरोकारवाला बीचमा सघन छलफल आवश्यक छ। नयाँ निर्वाचनपछि आउने जनप्रतिनिधिलाई सचेतनासँगै कार्यान्वयनमा आउने जटिलता हल गर्ने तरिका सिकाउनु आवश्यक छ।कार्यान्वयनमा जाँदा जनप्रतिनिधि रोहवर खोजिने हुँदा यसलाई गम्भीरतापूर्वक लिनुपर्छ । आगामी २०८४ साल साउन १ देखि भने सबै गाउँपालिकामा ऐन कार्यान्वयन हुने छ । ऐनको पूर्ण कार्यान्वयनबाट आमउपभोक्ताले स्वस्थ मासु उपभोग गर्ने र खाद्य सुरक्षा सुनिश्चित हुने अपेक्षा गरिएको छ । ऐन कार्यान्वयनका निम्ति सङ्घीय कृषि, वन तथा पर्यावरण मन्त्रालय, पशु सेवा विभाग, बागमती प्रदेशको कृषि तथा पशुपन्छी, वन तथा वातावरण मन्त्रालय र सम्बन्धित स्थानीय तहले कार्यान्वयनमा छलफल भएको छ । ती छलफलले कार्यान्वयन सहज छैन भन्ने देखाएको छ। कतिपय स्थानीय तहले ऐन कार्यान्वयनका निम्ति आवश्यक पूर्वाधार बन्न नसकेको अवस्था दर्शाएका छन् ।

यो ऐन कार्यान्वयनले व्यवसायीका निम्ति सुस्पष्ट मापदण्ड अपेक्षा गरेको छ । मासु पसल वा वधशाला दर्ता गर्न आवश्यक पर्ने छ । इजाजत प्रक्रिया र भौतिक पूर्वाधारको विस्तृत कार्यविधि पनि सुस्पष्ट छ । सम्बद्ध निकायबाट अनुगमन र उजुरी गर्न सकिने छ । अस्वस्थकर मासु बिक्री भएको पाइए उपभोक्ताले उजुरी गर्न सक्ने छन् । अस्वस्थकर मासुको उपभोगबाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई रोक्ने मुख्य उद्देश्य रहेको छ । मासुको उत्पादन, प्रशोधन तथा बिक्रीवितरणलाई व्यवस्थित र स्वस्थकर बनाइनुपर्ने छ। मासुमा अखाद्य वस्तु वा अन्य पदार्थको मिसावट गर्ने उपभोक्ताको गुनासोप्रति संवेदनशीलता देखिने अपेक्षा गरिएको छ। ऐनको प्रभावकारी कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारले प्रशासनिक तथा प्राविधिक संयन्त्र तयार गरिरहेको भनिएको छ। पशु सेवा विभागका अनुसार उपत्यकामा मासु जाँच र प्रमाणीकरणका लागि पशु चिकित्सक तथा प्राविधिकसहित २४० जना दक्ष प्राविधिक मासु निरीक्षक तालिम दिई तयार पारिएको बताइएको छ।

यसै गरी अनुगमन र नियमनलाई प्रभावकारी बनाउन उपत्यकाका तिनै जिल्लामा उच्चस्तरीय कार्यदल पनि गठन भएको छ । उपत्यकाका २१ वटै स्थानीय तहमा दुई जना पशु चिकित्सकसहितको 'टास्कफोर्स' परिचालन गरिएको भनिएको छ। कार्यदलले मासु व्यवसायी सङ्घ, खड्गी समाज, वधशाला सञ्चालक र जनप्रतिनिधिसँग निरन्तर छलफल गरी पसल सुधार र मापदण्ड पालनाबारे गृहकार्य गरिरहेको छ । तथापि उपभोक्ता भने अझै विश्वस्त हुन सकेका छैनन् । ऐन कार्यान्वयनमा केही व्यावहारिक चुनौती कायमै छन् । स्थानीय तहहरूले ऐन कार्यान्वयनमा बजेट अभाव, जग्गाको कमी र पर्याप्त पूर्वाधारको अभाव देखाउँदै आएका छन् । आधुनिक वधशाला तथा 'कोल्ड चेन' बन्न सकेको पाइँदैन । पर्याप्त पुर्वाधार नहुँदा र जनस्वास्थ्यमा पर्न सक्ने असरबारे बुझाउन नसक्दा ऐन देखाउन र नियामक निकायका लागि कमाइ खाने भाँडो नहोस् भन्ने तर्फ ध्यान दिनु जरुरी छ।

तपाईको आज

मेष	: सहयोग मिल्नेछ	तुला	: शत्रुको भय
वृष	: स्वास्थ्यमा सुधार	वृश्चिक	: ब्यापारमा लाभ
मिथुन	: शुभ यात्रा	धनु	: अप्रत्यसित लाभ
ककर्ट	: आर्थिक समस्या	मकर	: शारीरिक झमेला
सिंह	: कार्यमा सफलता	कुम्भ	: सत्कार मिल्नेछ
कन्या	: झमेला बढ्ने	मीन	: मानसिक तनाब

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

गोरखा प्रशासनमा सहायता कक्ष स्थापना

पोखरापत्र संवाददाता
गोरखा, १ मंसिर

जिल्ला प्रशासन कार्यालय, गोरखाले सहायता कक्ष स्थापना गरेको छ । सेवाग्राहीलाई प्रभावकारी सेवा दिने उद्देश्यले सहायता कक्षा सञ्चालनमा ल्याएको हो ।

सामान्य प्रशासनिक प्रक्रिया नबुझ्दा, कुन कामका लागि कहाँ जाने र के कागजात चाहिन्छ भन्ने ज्ञान नहुँदा सेवाग्राहीले धेरै दुःख पाउँदै आएकाले सहायता कक्ष सञ्चालनमा ल्याउन परेको हो । सरकारी कामकाज लिएर प्रशासन कार्यालय पुगेका सेवाग्राहीको प्रशासनिक प्रक्रिया सहज बनाउन कार्यालयले सहायता कक्षा स्थापना गरेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो । "प्रशासन कार्यालयमा जिल्लाभरका बालबालिका, बृद्धबृद्धा, अपाङ्गता र सामान्य लेखपढ गर्न सेवाग्राही आउनुहुन्छ", उहाँले भन्नुभयो, प्रजिअ शर्माले प्रशासन कार्यालयको सहायता कक्षमार्फत सोधपुछ सेवा र निःशुल्क फोटोकपी तथा स्क्यानिङ्ग सेवा समेत दिने गरेको छ ।

सहायता कक्षमार्फत टिकट बिक्री सेवा र प्रशासनिक प्रक्रियाबारे जानकारी समेत दिइने गरिएको छ । जिल्ला प्रशासन कार्यालयले राहदानी र राष्ट्रिय परिचय पत्रको अनलाइन फारम सम्बन्धित फाँटबाटै भरिदिने सेवासमेत सुरु गरेको शर्माले बताउनुभयो ।

अनलाइन फारम भर्ने तथा फोटोकपीलगायत सामान्य काममा पनि सेवाग्राहीले पसलमा चर्को मूल्य तिर्नुपर्ने बाध्यता भएपछि प्रशासन कार्यालयले नै उक्त सेवा निःशुल्क रुपमा सुरु गरेको हो ।

एभरेस्ट एफएमले मंसिर १२ गते रक्तदान कार्यक्रम गर्ने

पोखरापत्र संवाददाता
कास्की, २ मंसिर

एभरेस्ट मिडिया हाउसको आयोजनामा मंसिरको दोस्रो शनिबार पोखरामा बृहद रक्तदान कार्यक्रम आयोजना हुने भएको छ ।

एभरेस्ट मिडिया हाउसको छैटौं बार्षिकोत्सवको अवसरमा मिडिया हाउसद्वारा सञ्चालित एभरेस्ट एफएम र एभरेस्ट आवाज डटकमको आयोजनामा यहि मंसिर १२ गते शनिबार रक्तदान कार्यक्रम हुने भएको हो । 'नियमित रक्तदान गरौं, जीवन बचाउने अभियानमा सहभागि बनौं" भन्ने मूलमन्त्रका साथ रेडियो प्राङ्गण पोखरा-५ पर्स्याङमा रक्तदान कार्यक्रम हुने कार्यक्रम संयोजक बरिष्ठ समाचार वाचक शिशिर पौडेलले जानकारी दिए । विहान ७ बजे शुरु हुने रक्तदान कार्यक्रम मध्याह्न १२ बजेसम्म जारी रहने उनले बताए ।

एभरेस्ट मिडिया हाउसले १७ बर्ष उमेर पुगेका, ६५ बर्ष ननाघेका, ४५ केजी तौल भएका, अधिल्लो पटक रक्तदान गरेको ३ महिना अर्थात ९० दिन पूरा भएका र महिलाको हकमा मासिक रक्तश्राव भएको छैटौं दिन पुगेकाहरुलाई रक्तदानमा सहभागी हुन सक्ने बताएको छ । त्यस्तै, मेजर अपरेसन नगरेका, क्यान्सर, किड्नी ट्रान्स्प्लान्ट नगरेका, ब्लड प्रेसर नर्मल (औषधि खाइरहेको भए पनि बि पि ठिक छ भने दिन मिल्ने भएकाले उनीहरुलाई पनि रक्तदानमा सहभागी हुन मिडियाले आग्रह गरेको छ । रक्तदान आफू स्वस्थ रहेको प्रमाणित गर्दै अर्काको जीवन बचाउने अभियान पनि भएको मिडिया हाउसका सम्पादक दीपेन्द्र श्रेष्ठले बताए । उनले भने,'शरिरमा रक्तकोशिका फेरिने प्रक्रिया भइरहन्छ, अर्थात शरिरका पुराना रक्तकोशिका मर्ने र नया जन्मिने प्रक्रिया निरन्तर हुन्छ । त्यसैले खेर जाने उक्त रगत दान गरेर एक जना बराबर ३ जनासम्मको ज्यान जोगाउन सकिने भएकाले रक्तदानको महत्व धेरै छ ।' मिडिया हाउसले स्थापना कालदेखि नै वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत नियमित रक्तदानको महत्व र फाईदाबारे सचेतना जगाउने कार्य गर्दै आएको छ । रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोग रहनेछ ।

देविस्थानका युवाहरुले श्रमदान गरेर सडक मर्मत गरे

पोखरापत्र संवाददाता
म्याग्दी, २६ कार्तिक

म्याग्दीको मालिका गाउँपालिका-५ मा न्यू देविस्थान युथ क्लबको आयोजनामा तिहार पर्वका अवसरमा गौडाखोलादेखि देउराली खोलासम्मको मोटरबाटो सरसफाइ तथा मर्मतसम्भार गरिएको छ ।

क्लबका पदाधिकारी तथा सदस्य, आमा समूह र स्थानीय अग्रजहरूको सहभागितामा मङ्गलबार श्रमदान गरी मोटरबाटोमा जमेको माटो, ढुङ्गा तथा झाडी हटाउनाका साथै आवश्यक मर्मतसम्भार गरिएको हो ।

बर्खायाममा अवरुद्ध सडक मर्मतमा ढिलाइ हुँदा स्थानीयवासीलाई आवतजावत र ढुवानीमा समस्या भएको थियो । सरकारी निकायको मुख ताकेर बस्दा ढिलाइ भएपछि युवाहरुले सडक मर्मतका लागि अगुवाइ गरेका हुन् । अभियानमा ३० जना युवा सहभागी भएको क्लबका सचिव सुभास पुन मगरले जानकारी दिनुभयो । उहाँका अनुसार तिहार मनाउन जन्मथलोमा भेला भएका युवीहरुले सामाजिक क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्यले सडक मर्मत गर्न श्रमदान गरेका हुन् ।

श्रमदान अभियानमा लक्ष्मीकुमार पुन, रेशम घर्ती मगर र रेकबहादुर पुनले ढुवानीका लागि ट्याक्टरको भाडा र खाजाका लागि आर्थिक सहयोग गर्नुभएको क्लबले जनाएको छ । खाजामा रु १० हजार ७९० खर्च भएको क्लबले जनाएको छ ।

फोहर बिक्रीबाट व्यास नगरपालिकालाई नौ लाख आम्दानी

पोखरापत्र संवाददाता
दमौली, २ मंसिर

व्यास नगरपालिकाले चालु आर्थिक वर्षको साउनदेखि कात्तिक १९ गतेसम्म फोहर बिक्री गरेर रु नौ लाख ४० हजार ४९४ आम्दानी गरेको छ ।

नगरपालिकाले कागज, कार्टुन, फलाम, प्लास्टिक तथा सिसाजन्य सामग्री बिक्री गरेर उक्त आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । नगरपालिकाले गत आर्थिक वर्ष २०८२/८३ मा फोहर बिक्रीबाट रु २७ लाख आम्दानी गरेको थियो । नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा बिक्रीयोग्य फोहर व्यवस्थापन तथा बिक्रीका लागि बोलपत्र आह्वान गरेको थियो । त्यसअनुसार गत आर्थिक वर्षको मूल्यमा १० प्रतिशत थप गरी तनहुँ स्क्रेप सेन्टर, व्यास-१ लाई फोहर बिक्रीको जिम्मा दिइएको थियो । घरबाटै कुहिने र नकुहिने फोहर छुट्याएर सङ्कलन गर्न थालेपछि व्यवस्थापनमा सहज भएको लम्सालले बताउनुभयो । नगरपालिकाले कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै गाडीमा सङ्कलन गर्दै आएको छ । बिक्रीयोग्य सामग्री बिक्रीबाट प्राप्त रकमले नगरपालिकाको आन्तरिक आम्दानी बढाउन सहयोग पुगेको छ ।

नगरप्रमुख वैकुण्ठ न्यौपानेका अनुसार व्यास नगरपालिका-१३ मा सरसफाइ व्यवस्थापनका लागि जग्गा खरिद गर्न आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित मन्त्रालयमा सिफारिस गरिएको भए पनि निर्णय हुन नसक्दा दीर्घकालीन फोहरमैला व्यवस्थापनमा समस्या भइरहेको छ । नगरपालिकाले नगरका टोल, वडा र विद्यालयमा पुगेर फोहर वर्गीकरणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यालय परिसरमा सङ्कलित नकुहिने फोहरबाट कागज, सिसा र प्लास्टिकजन्य सामग्री छुट्याएर बिक्री गर्ने गरिएको छ ।

कुहिने फोहर भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी बायोग्यास उत्पादनमा प्रयोग हुँदै आएको छ । नगरपालिकाले बजार क्षेत्रका वडा नं २, ३ र ४ बाट दैनिक फोहर सङ्कलन गर्दै आएको छ । ती क्षेत्रबाट दैनिक करिब ११ टन फोहर सङ्कलन हुने गरेको छ ।

बैसरी-रिसिनचौतारी सडक स्तरोन्नति

पोखरापत्र संवाददाता
म्याग्दी, २ मंसिर

रघुगङ्गा गाउँपालिका-२ स्थित बैसरी-रिसिनचौतारी सडक स्तरोन्नति सुरु भएको छ ।

पूर्वाधार विकास कार्यालयले जैसीखोर-खहरेखोला-रिसिनचौतारी सडक योजनाअन्तर्गत बैसरी-रिसिनचौतारी खण्ड स्तरोन्नति गर्न लागेको हो । सडक फराकिलो पार्ने, ग्रेड र घुम्ती सुधार गर्ने, टेवा पर्खाल तथा नाली निर्माण गर्ने र ग्राभेल तथा ढलान गर्ने काम योजनामा समेटिएको छ। रु तीन करोड ३५ लाख छ हजार ४८० लागतमा निर्माण सम्पन्न गर्ने गरी गत साउन ४ गते अड्कित एन्ड जेनिशा साहना जेभीसँग ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार २०८४ साउन ४ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्नेछ । कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर राजेश उलकका अनुसार एक हजार ८०० मिटर सडक नालीसहित छ मिटर चौडा बनाइनेछ। त्यसमध्ये ६१० मिटर सडक ढलान र एक हजार १९० मिटर ग्राभेल गरिनेछ। योजनाअन्तर्गत ९९० घनमिटर ग्याबियन पर्खाल र एक हजार ६४९ घनमिटर मेसिनरी पर्खाल निर्माण गरिनेछ । निर्माण कम्पनीका प्रतिनिधि शिव जिसीले पहिलो चरणमा एक हजार २०० मिटर सडक फराकिलो पार्ने काम सम्पन्न भएको जानकारी दिनुभयो । उहाँका अनुसार निर्माण कम्पनीले तीन महिनाभित्र काम सक्ने लक्ष्यसहित उपकरण परिचालन गरेको छ । लक्ष्यअनुसार काम सम्पन्न गर्न थप मजदुर र निर्माण सामग्रीको व्यवस्थापन गरिने उहाँले बताउनुभयो ।

बज्र मादी जलविद्युत आयोजना (३१ मे. वा.) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८३/०८/०३)

श्री बज्र इनर्जी भेन्चर्स प्रा. लि. द्वारा गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको मादी गाउँपालिका र पोखरा महानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावको नाम र ठेगाना	प्रस्तावकः बज्र इनर्जी भेन्चर्स प्रा. लि. ठेगानाः वि.पि.सि. बिल्डिङ्ग, बुद्धनगर, काठमाडौं फोन नं.: ०१-५९०५८९०, ९८५७०२३९५३ इमेलः bajraenergyofficial@gmail.com
प्रस्तावको व्यहोरा	बज्र इनर्जी भेन्चर्स प्रा. लि. प्रस्तावक रहेको बज्र मादी जलविद्युत आयोजना (३१ मे.वा.) कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ३, ४, ५, ७, ११, १२ र पोखरा महानगरपालिका वडा नं. २८ मा प्रस्ताव गरिएको छ । प्रस्तावित आयोजना रन अफ दि रिभर (ROR) प्रकृतिको रहेको छ । आयोजनाका मुख्य अवयवहरुमा हेडवर्क्स, अण्डरस्लुइस, इन्टेक, ग्राभेल ट्र्याप, डिसेण्डर, हेडरेस पाइप, हेडरेस टनेल, सर्ज साफ्ट, पेनस्टक पाइप, विद्युतगृह, टेलरेस क्यानल तथा प्रसारण लाइन पर्दछन् । यस आयोजनाको लागि सतही प्रकारको विद्युतगृह प्रस्ताव गरिएको छ । उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम ६ अनुसार तथा वातावरण संरक्षण ऐन, २०७६ को दफा ११ (३) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको लागि यो सूचना प्रकाशित गरिएको छ ।
प्रभाव पर्ने सक्ने जिल्ला/म.न.पा./ गा.पा.	मादी गाउँपालिका वडा नं. ३, ४, ५, ७, ११, १२ र पोखरा महानगरपालिका वडा नं. २८

माथि उल्लिखित प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको म.न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

प्रस्तावकको नाम र ठेगाना	प्रस्तावकः बज्र इनर्जी भेन्चर्स प्रा. लि. ठेगानाः वि.पि.सि. बिल्डिङ्ग, बुद्धनगर, काठमाडौं । फोन नं. : ०१-५९०५८९०, ९८५७०२३९५३ इमेलः bajraenergyofficial@gmail.com

मुस्ताङमा पहिलो चौमासिकमा एक लाख १२ हजार पर्यटक

रासस
मुस्ताङ, २ मंसिर

चालु आर्थिक वर्षको पहिलो चौमासिकमा एक लाख १२ हजार ४८ पर्यटक मुस्ताङ भित्रिएका छन् ।

साउनदेखि कात्तिकसम्म मुस्ताङ भित्रिने पर्यटकमध्ये ५७ हजार ८३१ नेपाली र ५४ हजार २१७ विदेशी रहेका जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवं सूचना अधिकारी सन्तोष बस्यालका अनुसार उक्त अवधिमा बेनी-जोमसोम सडकमार्ग हुँदै भित्रिएका नेपाली पर्यटकमध्ये ४३ हजार ५८४ पुरुष र १४ हजार २४७ महिला छन् । विदेशी पर्यटकमध्ये ३७ हजार ४१७ पुरुष,



१६ हजार ७९३ महिला र सात जना अन्य रहेका छन् । पहिलो चौमासिकमा विदेशीको तुलनामा नेपाली पर्यटकको सङ्ख्या तीन हजार ६१४ अर्थात् ६ दशमलव २४ प्रतिशतले बढी रहेको प्रहरी निरीक्षक बस्यालले जानकारी दिनुभयो । घाँसा प्रहरी चौकीको अभिलेखअनुसार साउनमा ३० हजार ५३४, भदौमा २० हजार २६८, असोजमा १९ हजार ५३९ र कात्तिकमा ४१ हजार ७०७ स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । दशैँ, तिहार र छठ पर्वको लामो बिदाका कारण कात्तिकमा पर्यटकको आगमन बढेको हो । असोजमा भारी वर्षाका कारण बेनी-जोमसोम सडक दुई साताभन्दा बढी समय अवरुद्ध हुँदा पर्यटक आगमन घटेको प्रहरी निरीक्षक बस्यालले बताउनुभयो । यसैगरी, पहिलो चौमासिकमा बेनी-जोमसोम सडकमार्ग हुँदै ६९ हजार ७४६ सवारीसाधन मुस्ताङ भित्रिएका छन् । प्रहरीका अनुसार साउनमा ४१ हजार ७४७, भदौमा सात हजार ९८२, असोजमा चार हजार ९७३ र कात्तिकमा १५ हजार ४४ सवारीसाधन मुस्ताङ प्रवेश गरेका थिए । आर्थिक वर्ष २०८२/८३ मा बेनी-जोमसोम सडकमार्ग हुँदै सात लाख ७७ हजार ७३७ स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए ।

लिटिल फेरीको ट्यालेण्ट राउण्ड सम्पन्न, १४ प्रतियोगीले देखाए प्रतिभा

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

सातौं संस्करणको लिटिल फेरी प्रतियोगिताअन्तर्गत ट्यालेण्ट राउण्ड अर्थात् प्रतिभा प्रस्फुटन कार्यक्रम सम्पन्न भएको छ ।

जीत हाम्रो इभेन्टसँगको सहकार्यमा एसटी क्रियशन म्यानेजमेन्ट प्रालिद्वारा आइतबार आयोजित कार्यक्रममा १४ जना प्रतियोगीले नृत्य, गायन तथा चित्रकलालगायत विभिन्न विधामा आफ्नो प्रतिभा प्रस्तुत गरेका हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि व्यवसायी चिनबहादुर गुरुङले लिटिल फेरी बालबालिकाको प्रतिभा प्रस्फुटन गर्ने उत्कृष्ट माध्यम बनेको बताउनुभयो । प्रतियोगीहरूको प्रस्तुति र प्रतिभाबाट आफू प्रभावित भएको उल्लेख गर्दै उहाँले बालबालिकामा भविष्यका लागि प्रशस्त सम्भावना रहेको बताउनुभयो । त्यसैगरी, फेवा टेलिभिजनका निर्देशक एवं समाचार प्रमुख रूद्रबहादुर श्रीसले यस्ता कार्यक्रमले नयाँ प्रतिभाको



पहिचान र विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले बालबालिकाको आत्मविश्वास, प्रतिस्पर्धात्मक क्षमता र सकारात्मक प्रतिस्पर्धी भावनाको विकासका लागि अभिभावकले पनि आफ्ना सन्तानलाई यस्ता कार्यक्रममा सहभागी गराउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा निर्णायकको तर्फबाट नृत्य निर्देशक प्राज्ञ जसु गुरुङ र मिस्टर एसईई गण्डकी २०१८ का विजेता सन्देश भुर्तेलले प्रतियोगीहरूको प्रस्तुतिबारे आफ्नो धारणा राख्नुभएको थियो । जीत हाम्रो इभेन्टका अध्यक्ष राजेश जोशीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आयोजक एसटी क्रियशन म्यानेजमेन्ट प्रालिका प्रबन्ध निर्देशक सुरज थापाले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी गीता रानाले गर्नुभएको थियो । प्रतियोगितामा सुजाता खत्री, आराध्या भण्डारी, जिया पौडेल, दिप्ती लामिछाने, नोरा गुरुङ, आश्री पराजुली, सुराध्या बस्नेत, विधाता पराजुली, प्रनाक्षी बस्याल, प्रेरणा शाही, एरिना सुनार, उत्प्रेरणा जोजिजू, नेहारिका पौडेल र अनन्या केसी सहभागी छन् । लिटिल फेरीको ग्राण्ड फिनाले विशेष सांगीतिक कार्यक्रमसहित यही मंसिर ५ गते आयोजना हुने आयोजकले जनाएको छ ।

म्याग्दीमा पर्यटन पूर्वाधारका २४ योजनालाई एक करोड ७५ लाख बजेट

पोखरापत्र संवाददाता
म्याग्दी, २ मंसिर

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ मा म्याग्दीका विभिन्न पर्यटकीय तथा धार्मिकस्थलमा पूर्वाधार निर्माणका लागि २४ वटा योजनामा रु एक करोड ७५ लाख बजेट विनियोजन गरेको छ ।

एकीकृत सेवा कार्यालय म्याग्दीमार्फत कार्यान्वयन हुने पदमार्ग, पर्यटनस्थल तथा धार्मिकस्थलको पूर्वाधार विकाससम्बन्धी योजनाका लागि उक्त बजेट विनियोजन गरिएको हो । कार्यालय प्रमुख मिता थापामगरका अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा रहेका पर्यटकीय तथा धार्मिक गन्तव्यमा पहुँच विस्तार, पदमार्ग निर्माण र आवश्यक भौतिक पूर्वाधार विकास गर्न बजेट छुट्याइएको हो । मालिका गाउँपालिकामा प्रभुचेला ध्यानाश्रमको भौतिक पूर्वाधार निर्माण, बराह ताल तथा बराही मन्दिर क्षेत्रमा पार्क निर्माण, मालिका धुरी पदमार्ग र अर्कलादेखि बाइन्दफाँट-बराहताल पदमार्गका लागि रु १० लाखका दरले बजेट विनियोजन भएको छ । लामखोरिया-डाँडागाउँ र रुम गाउँ पदमार्ग निर्माणका लागि रु पाँच लाखका दरले बजेट छुट्याइएको छ । धवलागिरि गाउँपालिकामा मुना बस्ती, पन्थोक बस्ती र खिवाङ-भदौरे धुरी पदमार्ग निर्माणका लागि रु १० लाखका दरले बजेट विनियोजन भएको छ । रघुगङ्गा गाउँपालिकामा दोभान-नागी-देवीस्थान पदमार्गका लागि रु १० लाख तथा माइथानदेखि ओडारे, मुलपानी टोल, दिङ पुलदेखि मल्लाको पाखो हुँदै दुलेपानी र रावलखेत हुँदै राममन्दिरसम्मका पदमार्ग निर्माणका लागि रु पाँच लाखका दरले बजेट छुट्याइएको छ ।

अन्नपूर्ण गाउँपालिकामा अन्नपूर्ण आधार शिविरको पूर्वाधार, मौरिस हर्जोग पदमार्ग तथा अन्धगल्छी-रुप्से झरना-मतिचौर-भुरुङ हुँदै धौलागिरि आइसफल जाने पदमार्ग निर्माणका लागि रु १० लाखका दरले बजेट विनियोजन भएको छ । घोरेपानी-पुनहिल पर्यटन पूर्वाधार विकासका लागि रु १० लाख र उपल्लो खोरे-पञ्चौलीडाँडा पदमार्ग निर्माणका लागि रु पाँच लाख छुट्याइएको छ ।

मङ्गला गाउँपालिकामा सिमलचौर-लामोछहरा-टोड्के पदमार्ग निर्माणका लागि रु १० लाख तथा उपल्लो बुकेनी-खरबाने-ससधारा-गम्फा र कुहुँ गाउँ पदमार्ग निर्माणका लागि रु पाँच लाखका दरले बजेट विनियोजन भएको छ । बेनी नगरपालिकामा पाल्लेखेत-भण्डारीगाउँ-ओल्वोड-ओखरबोट, पाखाथर-उपल्लोथर-चुच्चेढुङ्गा हुँदै खड्का भगवती र धिमिलाथरदेखि मोटरबाटोसम्म पदमार्ग निर्माणका लागि रु पाँच लाखका दरले बजेट छुट्याइएको छ । एकीकृत सेवा कार्यालयका इञ्जिनियर सुमन बोगटीका अनुसार बजेट विनियोजन भएका योजना अहिले सर्वेक्षण तथा सम्झौताको चरणमा छन् । स्थलगत सर्वेक्षण र लागत अनुमान तयार गरी आवश्यक प्रक्रिया पूरा गरेर योजना कार्यान्वयनमा लैजाने तयारी भइरहेको उहाँले बताउनुभयो ।

योजना सम्पन्न भएपछि जिल्लाका पर्यटकीय तथा धार्मिकस्थलसम्म पुग्न सहज हुनुका साथै स्थानीय पर्यटन प्रवर्द्धन र ग्रामीण क्षेत्रको आर्थिक गतिविधिमा टेवा पुग्ने अपेक्षा गरिएको छ । कार्यालयमार्फत गत आर्थिक वर्ष २०८२/८३मा पनि म्याग्दीका २४ वटा पर्यटन पूर्वाधारसम्बन्धी योजनाका लागि रु एक करोड ४० लाख विनियोजन भएको थियो । तीमध्ये रु एक करोड १० लाखका १९ वटा योजना सम्पन्न भएका थिए भने प्रतिकूल भूगोल, मौसमलगायत कारणले रु ३० लाखका पाँचवटा योजना कार्यान्वयन हुन नसकेको इञ्जिनियर बोगटीले जानकारी दिनुभयो ।

कार्यालयको तथ्याङ्कअनुसार गत वर्ष सम्पन्न योजनामार्फत जिल्लाका विभिन्न पर्यटकीय क्षेत्रमा चार दशमलव १९ किलोमिटर पदमार्ग निर्माण गरिएको थियो । पदमार्गसँगै विश्रामस्थल, आश्रयस्थल, पर्खाललगायत पूर्वाधार पनि निर्माण गरिएका थिए ।

व्यासमा पच्चिस जनाको निःशुल्क आँखा परीक्षण

पोखरापत्र संवाददाता
दमौली, २ मंसिर

तनहुँको व्यास नगरपालिकामा सञ्चालित आँखा उपचार केन्द्र स्थापनाको पहिलो दिनमा २५ जनाले निःशुल्क आँखा परीक्षण सेवा प्राप्त गरेका छन् । यस पछि विरामीका लागि दर्ता शुल्क वापत ५० रुपैया तोकिएको छ ।

नेपाल नेत्रज्योति संघ कास्की एवं हिमालय आँखा अस्पताल घारीपाटनको प्राविधिक तथा व्यवस्थापकीय सहयोगमा व्यास नगरपालिकाको कार्यालय परिसर दमौलीमा स्थापना गरिएको आँखा उपचार केन्द्रमा निःशुल्क आँखा परिक्षण गरिएको हो । हिमालय आँखा अस्पताल सामुदायिक कार्यक्रम संयोजक सुभाष नेपाल र आँखा उपचार केन्द्र व्यासका नेत्रसहायक गोविन्द ढकालले विरामीको आँखा परिक्षण गर्नुभएको थियो । परिक्षणका क्रममा अधिकांश विरामीको आँखाको दृष्टि कमजोर भएको र चश्मा प्रयोग गर्नुपर्ने देखिएको जनाइएको छ । नेपाल नेत्रज्योति संघ कास्कीका अध्यक्ष सुरेन्द्र थापामगरका अनुसार हिमालय आँखा अस्पताल एक्लै



र स्थानीय पालिकासंग समन्वयका आधारमा विभिन्न जिल्लामा २८ वटा आँखा उपचार केन्द्र स्थापना गरी सञ्चालनमा गर्दै आएको छ । अस्पतालले आँखा उपचार सेवालाई ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकसम्म पुऱ्याउने उदेश्यले विभिन्न जिल्लामा सेवा विस्तार गर्दै आएको हो । उहाँका अनुसार तनहुँको व्यासस्थित आँखा उपचार केन्द्रमा आइकेयर फाउण्डेसनको सहयोगमा करिब २० लाख मुल्य वरावरका आँखा परीक्षण तथा उपचार सम्वन्धी उपकरणको व्यवस्था गरिएको छ । आवश्यक उपकरणसहित केन्द्र सञ्चालनमा आएपछि स्थानीय नागरिकलाई आँखा सम्वन्धी सामान्य परिक्षण तथा उपचारका लागि अन्यत्र जानुपर्ने वाध्यता कम भएको छ । कर्णालीका ४ वटा र गण्डकीका २८ वटा गरी कूल ३२ वटा सेवा केन्द्रमार्फत विरामीको आँखा परिक्षण र उपाचार हुँदै आएको छ भने उक्त केन्द्रमा शल्यकृया गर्नुपर्ने विरामीको लगत संकलन गरि अस्पतालबाट शल्यकृया शिविरको आयोजना गर्दै आएको अस्पताल व्यवस्थापक कुमार गर्बुजाले जानकारी दिनुभयो ।

स्थानीयस्तरमै आँखा उपचार सेवा उपलव्ध गराउने, समयमै आँखाको समस्या पहिचान गर्ने र उपचारको पहुँच विस्तार गर्ने उदेश्यले अस्पताल र स्थानीय तहको सहकार्यमा केन्द्र सञ्चालन गरिएको उहाँको भनाई छ ।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ८, साविक लेखानी गा.वि.स. वडा नं. १ स्थायी निवासी भारतीय भु.पु. सै. नं. ५४५१८८२ X HAV मिन बहादुर पुनको श्रीमती ना.प्र.नं. ५४६/६०६ की टिका कुमारी पुनको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर टिका कुमारी पुन र जन्म मिति वि.सं. २०२७/१२/०८ (ई.सं. १९७१ मार्च २१) उल्लेख भएको र निजको पेन्सन कागजातमा श्रीमतीको नाम थर मिना कुमारी पुन र जन्म मिति ई.सं. १९७४ मार्च १६ उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ८ नं. वडा कार्यालय, लेखानी, बागलुङको च.नं. ००१९८, मिति २०८३/०७/१६ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

शीतल बचत तथा ऋण सहकारी संस्था लि

पोखरा-१७, छोरेपाटन,
फोन नं. ०६१४५४३४४, ९८५६०६५३२५

गैह्र बैकिङ्ग सम्पत्ति बिक्री गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०३

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैरबैकिङ्ग सम्पत्ति जहाँ जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाहरुले लिखित शर्तबन्देजको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ ।

तपसिल

क्र.स	बिक्री गर्नु पर्ने गैह्र बैकिङ्ग सम्पत्तिको विवरण						
	जिल्ला	गा.पा/न.पा	वडा नं	कि नं.	जग्गाको किसिम वा बर्ग	क्षेत्रफल	कैफियत
१	स्याङजा	दार्सिङ/दहथुम	०९	२७३८	धनहर खेत	०-४-३-१	

शर्तहरु :

१. बोलपत्र सम्बन्धी फारम संस्थाको कार्यालयबाट रु. १०००। (अक्षेरेपी रुपैया एक हजार) (फिर्ता नहुने गरी) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा लुम्बीनि विकास बैंकमा रहेको खाता नं ००३००१०००१९४२६०००००१मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्दछ ।
३. लिलाम बिक्री गर्ने जग्गा स्थलगत रुपमा हेर्न चाहाने व्यक्ति/फर्म/कम्पनी वा संघ संस्थाले कार्यालय समयमा संस्थाको कार्यालय सम्पर्क गर्न सकिनेछ ।
४. दा.खा नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण शुल्कहरु बोलकबोलवालाले व्यहोर्नु पर्दछ।
५. बोलपत्र स्वीकृत भएको मितिले १५ दिन भित्र बाँकी रुपैया दाखिल गरी नामसारी गरि लिनु पर्दछ । अन्यथा धरौटी रकम संस्थाले जफत गर्न सक्नेछ ।
६. अन्य :

बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८३।०८।१७
बोलपत्र खोल्ने मिति : २०८३।०८।१८
समय : दिउँसो ठिक १ बजे
स्थान : पोखरा-१७, छोरेपाटन, संस्थाको कार्यालयमा

सुकुम्बासीमुक्त पालिकामा जैमिनी पनि

पोखरापत्र संवाददाता
बागलुङ, २ मंसिर

बागलुङको जैमिनी नगरपालिका सुकुम्बासी तथा अव्यवस्थित बसोबास समस्या मुक्त पालिका घोषित भएको छ । भूमि समस्या समाधान समितिले देशभरका पाँच पालिकालाई समस्या मुक्त घोषणा गरेकामा जैमिनी पनि तिनमा परेको हो । समितिले मङ्गलबार सार्वजनिक गरेको सूचनाअनुसार समस्या मुक्त घोषित अन्य पालिकामा डोल्पाको काइके गाउँपालिका, सोलुखुम्बुको खुम्बुपासाङल्हामु र महाकुलुङ गाउँपालिका तथा रुकुम पूर्वको भूमे गाउँपालिका हुन् ।

जैमिनी नगरपालिकाले गत वर्ष १८ सुकुम्बासी परिवारलाई घडेरी खरिद गरी घर निर्माण गर्न प्रतिपरिवार रु तीन लाख का दरले रु ५४ लाख उपलब्ध गराएको थियो । ती परिवारले लालपूर्जासहित घर प्राप्त गरेपछि पालिकामा सुकुम्बासी समस्या नरहेको विवरण समितिलाई पठाइएको नगर उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो ।

ग्लोबल आइएमई बैंक लिमिटेड
सवारी स्कुटर लिलाम बिक्री गर्ने बारेको १५ दिने शिलवन्दी बोलपत्र आव्हानको सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने मिति २०८३/०८/०३ देखि २०८३/०८/१७ गते सम्म
बोलपत्र खोल्ने दिन मिति २०८३/०८/१८ गते

यस बैंकको स्वामित्वमा रहेको निम्नानुसार उल्लेख गरिएको सवारी साधन स्कुटर जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुदाँ यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाहरुले गोप्य शिलबन्दी बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

क्र.सं.	सवारी साधनको विवरण	सवारी साधन नं.	स्थान
१	Hero Honda Pleasure Scooter	ग ५ प ७१५४	बैंकको शाखा रहेको स्थान न्युरोड, पोखरा

नोट: गोप्य शिलबन्दी बोलपत्र फारम पोखरा न्युरोड शाखाबाट नगद रु ५००/- (फिर्ता नहुनेगरी) खाता नं. (0143700524035) जम्मा गरी खरीद गर्न सकिनेछ । लिलामीका शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् । लिलाम बिक्री सम्बन्धी कुनै जानकारी लिनुपर्ने भएमा यस बैंकको न्यूरोड शाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । लिलाम स्विकृत गर्ने वा नगर्ने सर्म्पूण अधिकार बैंकमा निहीत रहने छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

न्युरोड शाखा
फोन नं: ०६१-५७७५०३/५०४
इमेल : pokharanewroad@gibl.com.np